मिति २०७८/१२/२८ गतेको ११३ औं गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरुः

| क्र. सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | पेश गर्ने विषयगत समिति/शाखा |
|---|---|---|---|
| १. | गरिब परिवार परिचय-पत्र वितरण अन्तर्गत घरपरिवारको सूची छानविन तथा सिफारिस सम्बन्धमा । | नेपाल सरकारको गरिब परिवार परिचयपत्र वितरण अन्तर्गत गरिब परिवार सूचीमा परेका व्यक्तिहरुको छानविन तथा छुट घरपरिवारको सिफारिस गर्ने । | सामाजिक तथा आर्थिक विकास शाखा |
| २. | नागुना पुरानपानी पातिविसाँ खानेपानी तथा सरसफाई आयोजनाको लागत अनुमान भेरियशन सम्बन्धमा । | नागुना पुरानपानी पातिविसाँ खानेपानी तथा सरसफाई आयोजनाको लागत अनुमान भेरिशयन रकम स्वीकृत गर्ने । | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा |
| ३. | मुख्यमन्त्री रोजगार कार्यक्रमका आयोजनाहरु स्वीकृत सम्बन्धमा । | मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आ.व. २०७९/०८० मा सञ्चालन हुने आयोजना स्वीकृत गरी सामाजिक विकास कार्यालय दैलेखमा सिफारिस गरी पठाउने । | रोजगार सेवा केन्द्र |
| ४. | प्रधानमन्त्री रोजगार कार्यक्रमका आयोजनाहरु स्वीकृत सम्बन्धमा । | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आ.व. २०७९/०८० मा सञ्चालन हुने आयोजना स्वीकृत गरी श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सिफारिस गरी पठाउने । | रोजगार सेवा केन्द्र |
| ५. | बेरोजगार व्यक्तिहरुको नामावली सूचना प्रणालीमा प्रविष्ट गर्ने सम्बन्धमा । | यस गाउँपालिका भित्रका वेरोजगार व्यक्तिहरुले बेरोजगार सूचीमा सूचीकृतको लागि पेश गरेको आवेदन फाराम अनुसार उक्त नामावली स्वीकृत गर्ने । | रोजगार सेवा केन्द्र |
| ६. | जनता आवास कार्यक्रम र विपन्न नागरिकको घर निर्माणको लागि लाभग्राही छनौट सम्बन्धमा । | कर्णाली प्रदेश सरकारको चालु आ.व. २०७८/०७९ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार जनता आवास कार्यक्रम विपन्न नागरिकको घर निर्माणको लागि लाभग्राही छनौट गर्ने । | सामाजिक तथा आर्थिक विकास शाखा |
| ७. | ४ र ५ नं. वडा कार्यालय भवन निर्माण कार्यको ठेक्काको म्याद थप सम्वन्धमा । | यस गाउँपालिका अन्तर्गत निर्माणाधिन ४ र ५ नं. वडा कार्यालय भवन निर्माण कार्यको म्याद थप गर्ने । | |
| ८. | खड्कप्रसाद शर्माको छोरी उपचारको लागि सहायता उपलब्ध गराउने सम्बन्धमा | खड्कप्रसाद शर्माको छोरी हिरा शर्माको उपचारको लागि सहायता उपलब्ध गराउने । | सामाजिक विकास समिति |
| ९. | चुप्रा-लोहोरे सडक प्रादेशिक सडकमा कायम गर्न सिफारिस गर्ने सम्बन्धमा । | वेस्तडा-सुर्खेत (कर्णाली प्रदेश राजधानी जोड्ने) सडक अन्तर्गत लोहरे-चुप्रा खण्ड कच्ची हुँदा यातायातको आवतजावत गर्न कठिनाई भएकोले उक्त खण्ड कालोपत्रे गर्न आवश्यक देखिएको हुँदा आवश्यक बजेटको लागि स्थानीय पूर्वाधार विभाग प्रदेश तथा स्थानीय सडक सहयोग | पूर्वाधार विकास समिति |

| क्र. सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | पेश गर्ने विषयगत समिति/शाखा |
|---|---|---|---|
| | | कार्यक्रमलाई अनुरोध गरी पठाउने र उक्त सडक खण्ड प्रदेश सडकमा आवद्ध गरिदिन हुन कर्णाली प्रदेश सरकारलाई अनुरोध गर्ने । | |
| १०. | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम आशयपत्र पेश गर्ने सम्बन्धमा । | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम आशयपत्र पेश गर्ने सम्बन्धी मिति २०७८/१२/२७ गते प्रकाशित सूचना अनुसार कार्यक्रम प्रस्ताव पेश गर्ने। | पूर्वाधार विकास समिति |
| ११. | अवकाश कोष सञ्चालन कार्यविधि, २०७८ स्वीकृत गर्ने सम्बन्धमा । | भगवतीमाई गाउँपालिका अवकाश कोष सञ्चालन कार्यविधि, २०७८ स्वीकृत गर्ने । | प्रशासन, योजना तथा अनुगमन शाखा |
| १२. | गाउँपालिकाको प्रयोगको लागि जग्गा लिजमा लिने सम्बन्धमा । | यस भगवतीमाई गाउँपालिका अन्तर्गत कृषि सेवा केन्द्रको नाममा रहेको जग्गा गाउँपालिकाको प्रयोगको लागि लिजमा उपलब्ध गराईदिन अनुरोध गरी पठाउने । | प्रशासन, योजना तथा अनुगमन शाखा |

**मिति २०७८/१२/२८ गतेको ११३ औं गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु:**

१. नेपाल सरकारको गरिब परिवार परिचयपत्र वितरण अन्तर्गत गरिब परिवार सूचीमा परेका ८७३ घरपरिवारको छानविन गरियो । साथै छुट भएका ४५७ घरपरिवारलाई गरिब परिवार परिचयपत्र वितरणको भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

२. नागुना पुरानपानी पातिविसौं खानेपानी तथा सरसफाई आयोजनाको लागत अनुमान भेरिशियन रकम देहाय बमोजिम स्वीकृत गर्ने ।

| क्र.सं. | शुरुको लागत | भेरियशन रकम | कूल लागत |
|---|---|---|---|
| १ | ९९९००२९.३७ | १५५७५४२.४३ | ११५४७५७१.८० |

३. मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा आगामी आ.व. २०७९/०८० मा सञ्चालन गर्न तपसिलका आयोजना स्वीकृत गरी सामाजिक विकास कार्यालय दैलेखको सिफारिस तथा समन्वय समितिमा सिफारिस गरी पठाउने ।

| क्र.सं. | वडा नं. | आयोजनाको नाम | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १. | १ | कुम्री-खौले-हे.पो. सडक स्तरोन्नती | ५००००००। | |
| २. | | झुलेखोला-रयात्याचोक्टी गोरेटो बाटो निर्माण | २००००००। | |
| ३. | | वडा कार्यालय-वासुधारा सडक स्तरोन्नती | ४५०००००। | |
| ४. | | खौले-ताउले खोला-राँक गोरेटो बाटो | १६०००००। | |
| ५. | | राँक-सैनीपानी-धईपातल सिंचाई कुलो निर्माण | १५०००००। | |
| ६. | २ | जगनाथ प्रा.वि. ढाँणगाउँ तटबन्ध तथा घेरवार | १५०००००। | |
| ७. | | जुम्लीखोला निमाडा सडक | १६०००००। | |
| ८. | | रानीचौर भगवती प्रा.वि. घेरवार | १४०००००। | |
| ९. | | रौंटी प्रधानटोल मोटर बाटो | १३०००००। | |
| १०. | | डाँडनाउला-मालिका मन्दिर गोरेटो बाटो | १२०००००। | |
| ११. | ३ | पुनिया खोला-गर्खा सडक निर्माण | १५०००००। | |
| १२. | | तुर्सेनी-धुलसिना सडक स्तरोन्नती | २००००००। | |
| १३. | | कोट्टापानी-मौला सडक निर्माण | २५०००००। | |
| १४. | | कैनतडा-सान्तडा सिंचाई कुलो निर्माण | १५०००००। | |

| क्र.सं. | वडा नं. | आयोजनाको नाम | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १५. | | वडा कार्यालय-मेतलपाटा-डाँडाकटेरा सडक निर्माण | १५०००००। | |
| १६. | ४ | आठचिउरे अलैचीबारी गोततडा सिमलतडा सिंचाईकुलो निर्माण | २००००००। | |
| १७. | | तुर्सुटोल पर्यटक विश्राम स्थल निर्माण | २००००००। | |
| १८. | | जगनाथ मन्दिर पर्यटक विश्राम स्थल निर्माण | २५०००००। | |
| १९. | | मालिका मन्दिर पदमार्ग निर्माण | २५०००००। | |
| २०. | | नयारा डौरी भोटरयाचौर सडक निर्माण | २८०००००। | |
| २१. | | सामुदायिक भवन निर्माण तुर्सु | २२०००००। | |
| २२. | ५ | भगवती मा.वि. (प्रा.वि. तह) भवन घेरावार | ५००००००। | |
| २३. | | थुवाँ बैस साङ्गखोला सडक निर्माण तथा स्तरोन्नती | ४००००००। | |
| २४. | | पानतोला बालविकास भवन निर्माण | ४००००००। | |
| २५. | | सहडे चाख्ला धार सडक निर्माण तथा मर्मत | ८००००००। | |
| २६. | | हितकाली-झुला ढुङ्गा घोरेटो बाटो निर्माण | ५००००००। | |
| २७. | ६ | मगर गाउँ-महादेव चौर-रावलचौर सडक निर्माण | ३००००००। | |
| २८. | | चिपिन काँडा बर्मटाकुरा-गौथली गोरेटो बाटो निर्माण | २००००००। | |
| २९. | | गोठीखोला-बेसीकोट-कट्टी गोरेटो बाटो निर्माण | २००००००। | |
| ३०. | | साँघुतडा पुल-बाहुनगाउँ-पिपल चौतारा गोरेटो बाटो निर्माण | १८०००००। | |
| ३१. | | बाहुनगाउँ-गोठीखोला गोरेटो बाटो निर्माण | २००००००। | |
| ३२. | ७ | भोटाडाँडा-माग्ले-गैरी खाडा-बर्सिन-वडाखोला पुलसम्म गोरेटो बाटो निर्माण | १५०००००। | |
| ३३. | | धाराखोला-साना चौर गोरेटो बाटो | १५०००००। | |
| ३४. | | खालीडाँडा-बहुढुङ्गा-भीरपाटी गोरेटो बाटो निर्माण | १५०००००। | |
| ३५. | | ओल्कोमारे-लामतडा सिंचाई कुलो निर्माण | १५०००००। | |
| ३६. | | जिर्कु-भैरवस्थान गोरेटो बाटो निर्माण | १५०००००। | |

४. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा आगामी आ.व. २०७९/०८० मा सञ्चालन हुने तपसिलका आयोजना स्वीकृत गरी श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सिफारिस गरी पठाउने ।

| क्र.सं. | वडा नं. | आयोजनाको नाम | कैफियत |
|---|---|---|---|
| १. | १ | पनासी वृक्षारोपण क्षेत्र घेरवार | |
| २. | | मोहनखोला-खलटाकुरा गोरेटो बाटो निर्माण | |
| ३. | | सातमुले-ठाँटी गोरेटो बाटो निर्माण | |
| ४. | | वडाखेत-वावियातडा गोरेटो बाटो मर्मत | |
| ५. | | हुलाक टाकुरा-मसानघाट-अमाडे गोरेटो निर्माण | |
| ६. | २ | गोर्खे सिरुचाक्टा काटिया निमिनी डौसिल चिउरा गोरेटो बाटो निर्माण | |
| ७. | | सिडार-सिद्धपाईला सडक स्तरोन्नती | |
| ८. | | सिसाडी-डौसिल मोटर बाटो निर्माण | |
| ९. | | जनता मा.वि.-ढाँणगाउँ गोरेटो बाटो निर्माण | |
| १०. | | पानीमूल-भुर्न गोरेटो बाटो निर्माण | |
| ११. | ३ | सोतीखोला-देउली सडक निर्माण | |
| १२. | | पातलखानी केराबारी ठाडकुला सिंचाई कुलो निर्माण | |
| १३. | | लामाडाँडा डाँडा कटेरा सिंचाई कुलो निर्माण | |

| क्र.सं. | वडा नं. | आयोजनाको नाम | कैफियत |
|---|---|---|---|
| १४. | | मौला भुर्सुली सडक निर्माण | |
| १५. | | जाँडबसे पुग्याँ सिंचाई कुलो निर्माण | |
| १६. | ४ | विसाँ-पुर्नकोट सिमा-स्वास्थ्य चौकी सडक स्तरोन्नती | |
| १७. | | भोटर्याचौर-डौरी-कुल्ले हेराउ सडक स्तरोन्नती | |
| १८. | | वडा कार्यालय-दडमिली किमेडीखाल सडक स्तरोन्नती | |
| १९. | | गातिन-रुमी-नाउलीपालत सडक स्तरोन्नती | |
| २०. | | किमेडीखाल-तल्लो मन्घर-कालिका मा.वि. सडक स्तरोन्नती | |
| २१. | ५ | साङ्गखोला-दाडिम-माईकाथान सडक निर्माण तथा मर्मत | |
| २२. | | काठखेल-खाल्डे ढुङ्गा गोरेटो बाटो निर्माण | |
| २३. | | जड्के-मलुका-माईकाथान गोरेटो बाटो निर्माण | |
| २४. | | हितगल्फी-जमलाकाफल गोरेटो बाटो निर्माण | |
| २५. | | थुवाँ सामुदायिक भवन निर्माण | |
| २६. | ६ | सनिगाउँ बर्मा-नाहाकुना-पार्खा खर्क गोरेटो बाटो निर्माण | |
| २७. | | चिपिनतडा-दुनिपाटा गोरेटो बाटो निर्माण | |
| २८. | | चिपिन काँडा-नयाँ वस्ती टोल-पहिरा टाकुरी गोरेटो बाटो निर्माण | |
| २९. | | सनिगाउँ-रोटी टोल-गोठी गोरेटो बाटो निर्माण | |
| ३०. | | चिपिन सिमल पोखरी-मालिका गोरेटो बाटो निर्माण | |
| ३१. | ७ | शिखरद्धारी-चौतारा-देउराली नाला सडक निर्माण | |
| ३२. | | मादेकुन्टा-पातिकान्ला गोरेटो बाटो निर्माण | |
| ३३. | | खालीडाँडा-शिखरद्धारी गोरेटो बाटो निर्माण | |
| ३४. | | दुनी-कुर्खे-पाथिकान्ला गोरेटो बाटो निर्माण | |
| ३५. | | धाराखोला-खगेना-डाँडागाउँ सिंचाई कुलो निर्माण | |

५. यस गाउँपालिका भित्रका वेरोजगार व्यक्तिहरुले बेरोजगार सूचीमा सूचीकृतको लागि पेश गरेको आवेदन फाराम अनुसार उक्त नामावली स्वीकृत गरी सूचना प्रणाली प्रविष्ट गर्न रोजगार सेवा केन्द्रलाई निर्देशन गर्ने ।

६. कर्णाली प्रदेश सरकारको चालु आ.व. २०७८/०७९ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार जनता आवास कार्यक्रम र विपन्न नागरिकको घर निर्माणको लागि वडा कार्यालयले लाभग्राही छनौट गरी ७ दिनभित्र गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने ।

<u>तपसिलः</u>

| क्र.सं. | वडा नं. | लाभग्राही संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | जनता आवास कार्यक्रम | विपन्न नागरिक घर निर्माण | |
| १. | १ | १ | | १ |
| २. | २ | १ | | १ |
| ३. | ३ | १ | | १ |
| ४. | ४ | २ | | २ |
| ५. | ५ | | १ | १ |
| ६. | ६ | | २ | २ |
| ७. | ७ | | १ | १ |
| | जम्मा | ५ | ४ | ९ |

७. यस गाउँपालिका अन्तर्गत सञ्चालित ४ नं. वडा कार्यालय भवन निर्माण कार्य (ठे.नं. BRM/BCW/NCB/09/2076/077) र ५ नं. वडा कार्यालय भवन निर्माण कार्य (ठे.नं. BRM/BCW/NCB/0/10/2076/077) ठेक्का सम्पन्न म्याद २०७८ फागुन १५ सम्म रहेको तथा तोकिएको समयभित्र कार्य सम्पन्न भई सकेकोमा रकम भुक्तानी गर्न तथा फरफारक गर्न बाँकी रहेको हुँदा उक्त ठेक्काको रकम भुक्तानी गरि फरफारक गर्ने निर्णय गरियो ।

८. यस भगवतीमाई गाउँपालिका वडा नं. ५ निवासी श्री खड्कप्रसाद शर्माले गाउँ कार्यपालिकाको कार्यालयमा पेश गरेको निवेदन अनुसार निजको छोरी वर्ष १५ को श्री हिरा शर्मा मिनमाई गोसिल विथ युनिनरी ब्लाडर रोगबाट ग्रसित भई उपचारको लागि अमेरिका जानुपर्ने भएको र निजको घरपरिवारको आर्थिक अवस्था न्यून रहेको हुँदा आर्थिक सहयोग माग भएकोले निजलाई रु. ६००००। यस गाउँपालिकाको चालु आ.व. २०७८/०७९ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार नेपाल सरकार राजश्व बाँडफाँड कार्यक्रम अन्तर्गत अन्य सामाजिक सहायता शिर्षकबाट खर्च गर्ने ।

९. वेस्तडा-सुर्खेत (कर्णाली प्रदेश राजधानी जोड्ने) सडक अन्तर्गत लोहरे-चुप्रा सडक खण्ड कच्ची हुँदा यातायात आवतजावत गर्न कठिनाई भएकोले सडक खण्ड स्तरोन्नती गर्न आवश्यक देखिएको र उक्त सडक नारायण नगरपालिका भगवतीमाई गाउँपालिका र जाजरकोट जिल्ला मानिसहरु समेत आवातजावत गर्ने सडक भएको हुँदा उक्त सडक खण्ड प्रादेशीक सडकको रुपमा कायम गरिदिन कर्णाली प्रदेश सरकारलाई अनुरोध गर्ने ।

१०. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम आशयपत्र पेश गर्ने सम्बन्धी मिति २०७८/१२/२७ गते प्रकाशित सूचना बमोजिम स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) कार्यक्रममा गाउँपालिका सहभागी हुन इच्छुक तथा कार्यक्रम कार्यान्वयनमा प्रतिवद्धता व्यक्त गर्दै आशय प्रस्ताव पेश गर्ने।

११। भगवतीमाई गाउँपालिका अवकाश कोष सञ्चालन कार्यविधि, २०७८ माथि दफावार छलफल गरि स्वीकृत गर्ने ।

१२। नेपाल सरकार (मन्त्रिपरिषद्)को निर्णयानुसार नेपाल राजपत्रमा मिति २०७३/११/२७ गते प्रकाशित सूचना वमोजिम यस भगवतीमाई गाउँपालिकाको केन्द्र साविक पगनाथ गाउँ विकास समितिको कार्यालय तोकिएकोमा सर्वपक्षीय सहमतिको आधारमा सबैलाई पायक पर्ने वडा नं. १ वेस्तडा बजारमा कार्यालय स्थापना गरी संचालन भईरहेको र यस गाउँपालिकाको पाँचौ गाउँ सभाको बैठकबाट गाउँपालिकाको केन्द्र साविक पगनाथ गा.वि.स.को कार्यालय पगनाथ परिवर्तन गरी भगवतीमाई गाउँपालिका वडा नं. २ वेस्तडा बजार कायम गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित गरी केन्द्र परिवर्तनको लागि कर्णाली प्रदेश सरकार मार्फत नेपाल सरकार समक्ष अनुरोध गरी पठाईएकोमा केन्द्र परिवर्तनको लागि गाउँपालिकाको नाममा न्यूनतम ६ (छ) रोपनी जग्गा दर्ता भएको वा भोगाधिकार प्राप्त गरेको हुनुपर्ने मापदण्ड रहेकोमा गाउँपालिकाको नाममा ३.३१ रोपनी मात्र जग्गा रहेको हुँदा उक्त जग्गा सँगै जोडिएको साविक कृषि विकास कार्यालय, दैलेखले यस गाउँपालिकालाई हस्तान्तरण गरेको कृषि सेवा केन्द्र वेस्तडाको नाममा रहेको निम्न कित्ता र क्षेत्रफलको जग्गा गाउँपालिकाको प्रयोगको लागि लिजमा लिन अति आवश्यक भएकोले उक्त जग्गा दिर्घकालीन अवधिको लागि लिजमा उपलब्ध गराई दिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र कृषि तथा पशुपंक्षी विकास मन्त्रालयमा अनुरोध गर्ने र सम्बन्धित मन्त्रालयमा सिफारिसको लागि जिल्ला स्थित सिफारिस समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | कित्ता नं. | क्षेत्रफल | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | ४९९ | ००१८० | साविक रुम गा.वि.स. वडा नं. ०१ | |
| २. | ६८३ | ००९०० | हाल भगवतीमाई-०२ | |
| ३. | ४९७ | ००३८५ | | |
| ४. | ५०१ | ००१६० | | |
| ५. | ८४० | ००६०० | | |